# सम्मरीमाई गाउँपालिकाको हितकारी कोष सञ्चालन सम्बन्धी कार्यविधि, २०७६

प्रमाणीकरण मिति

२०७६।०४।१०

सम्वत् २०७६ सालको कार्यविधि नं. १७

**प्रस्तावना :** लोक कल्याणकारी राज्यको अवधारणा अनुसार आर्थिक रुपले विपन्न, निरपेक्ष गरिवीको रेखामुनी रहेका दीर्घ रोगी, हिंसा पीडित तथा बेर्चविखनमा परेका महिला, बालबालिका, विपन्न, अति अशक्त अपाङ्ग र पूर्ण अशक्त अपाङ्ग, बेवास्तामा परेका ज्येष्ठ नागरिकको हित र कल्याणको लागि आर्थिक सहायता तथा स्वास्थ्य उपचारको लागि सहयोग दिन हितकारी कार्य सम्वन्धी कानून तयार गरी आर्थिक सहायतालाई प्रभावकारी बनाउन वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी सम्मरीमाई गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम "सम्मरीमाई गाउँपालिकाको हितकारी कोष सञ्चालन सम्वन्धी कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा** :- विषय प्रसङ्गले अर्को अर्थ नलागेमा

(क) "गाउँपालिका" भन्नाले सम्मरीमाई गाउँपालिकालाई सम्झनु पर्छ ।

(ख) "गाउँ कार्यपालिका" भन्नाले सम्मरीमाई गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) "आर्थिक सहायता पाउन योग्य व्यक्ति" भन्नाले निरपेक्ष गरिबीको रेखामुनी रहेको भनि प्रमाणित भएका मुटु, मृगौला, फोक्सो, कलेजोजस्ता शरीरका महत्वपूर्ण अङ्गहरुका रोगी एवम् क्यान्सर पीडित व्यक्तिहरु, पक्षघात, यौन हिंसाबाट पीडित एवम् बेचविखनमा परेका महिलाहरु, जोखिमपूर्ण श्रममा संलग्न भएको, हराएको वा बेवारिसे अवस्थामा फेला परेको, दूर्घटनामा परेको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको वेसहारा बालबालिका, यौन शोषण, यौन दुर्व्यवहार, बाबु, आमा वा संरक्षकबाट वञ्चित, अपाङ्गता भएको, सुस्त मनस्थिति भएको बालबालिका, एच.आई.भी., एड्सबाट संक्रमित बालबालिका, वेसहारा वृद्धवृद्धा तथा विशेष कारणवश बेखर्ची भएका नागरिक, घर गोठ जलेर क्षति भएका, हावाहुरीबारीबाट पिडित एवम् बाढी जस्ता विपद्बाट पीडित गाउँवासी, उल्लेखित व्यहोरा भएका सम्मरीमाई गाउँपालिकाका कर्मचारी तथा जनप्रतिनिधिहरु समेत बुझ्नु पर्दछ ।

(घ) "अध्यक्ष" भन्नाले सम्मरीमाई गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सम्मरीमाई गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

## परिच्छेद-२
## आर्थिक सहायता सम्बन्धी मापदण्ड

३. **दीर्घ रोगी तथा क्यान्सर पीडितलाई सहायता** :- (१) आर्थिक सहायता पाउन योग्य दीर्घ रोगी (मृगौला, मुटु, फोक्सो, कलेजो, मस्तिष्क, पक्षघात) तथा क्यान्सर पीडित व्यक्तिले आर्थिक सहायता प्राप्त गर्नको लागि आवश्यक कागजात सहित गाउँपालिकामा निवेदन दिन् सक्नेछन ।

स्पष्टिकरण "आवश्यक कागजात भन्नाले आर्थिक रुपले विपन्न भनी सम्बन्धित वडा कार्यालयबाट प्रमाणित कागजात, अस्पतालको रिपोर्ट, गाउँपालिकाको स्वास्थ्य संयोजकको सिफारिस लगायतका कागजात बुझ्नु पर्दछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन माथि समितिले आवश्यक छलफल गरी आर्थिक सहायता दिने निर्णय गरेमा विरामीको अवस्था हेरी रकम रू.५,०००।- (पाँच हजार) सम्म आर्थिक सहायता दिन सकिनेछ ।

४. **हिंसा पीडित तथा मानव बेचविखनमा परेकालाई सहायता:-** (१) यौन हिंसाबाट पीडित एवम् बेचबिखनमा परेका महिलाहरुको तत्काल उद्धार गर्न समितिको निर्णयानुसार रकम रू.५०००।- (पाँच हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(२) पीडितलाई न्याय दिलाउन एवम् पुनर्स्थापनाको लागि न्यायिक समिति मार्फत आवश्यक पहल गरिनेछ ।

५. **आर्थिक रुपले विपन्न र पीडित बालबालिकालाई सहायता :-** (१) बेवारिसे अवस्थामा फेला परेको, जवरजस्ती श्रमबाट पीडित भएको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले वेवारिसे रहेको, यौन शोषण, यौन दुर्व्यवहार, बेचविखन वा ओसारपसारमा परेको, हिंसा पीडित, बाबु, आमा वा संरक्षकबाट वञ्चित, अपाङ्गता भएको, सुस्तमनस्थिति भएको, सडक बालबालिका, एचआईभी एड्सबाट संक्रमित बालबालिका भएमा तत्काल उद्धार गरी पालनपोषणको लागि समितिको निर्णय अनुसार रकम रू.५,०००।- (पाँच हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(२) उपनियम (१) मा उल्लेखित बालबालिकाको शिक्षा दिक्षाको लागि सामुदायिक वा संस्थागत विद्यालयसँग समन्वय गरी छात्रवृत्ति मार्फत पठन पाठनको व्यवस्था गर्न सकिनेछ ।

६. **बेवास्तामा परेका ज्येष्ठ नागरिकलाई सहायता :-** ७० वर्ष उमेर पुगेका र परिवारका सदस्यले बेवास्ता गरी भिन्न बसेका विपन्न, रोगी एवम् अशक्त ज्येष्ठ नागरिकले आर्थिक सहायताको लागि गाउँपालिकामा निवेदन पेश गरेमा र निवेदन मनासिव भएमा रकम रू.२०००।- (दुइ हजार) सम्म आर्थिक सहायता दिई पुर्नस्थापनाको लागि आवश्यक पहल गर्न सकिनेछ । तर गाउँपालिकाबाट नियमित सामाजिक सुरक्षा रकम बुझ्ने नागरिकको हकमा यो सुविधा पाइने छैन ।

७. **विपन्न परिवारलाई मृत्यु संस्कार सहायता:** (१) आर्थिक रुपमा विपन्न परिवारमा दुर्घटना अथवा आत्महत्याको कारणले मृत्यु भइ सो को पोष्टमार्टम गर्न नसक्ने परिवारलाई पोष्टमार्टम गर्न, बेवारिसे लास फेला परेमा निजको सदगत गर्न वा व्यवस्थापन गर्न प्रमाण खुल्ने कागजात सहित निवेदन पेश हुन आएमा कार्यपालिकाले मनासिव ठहराएमा एकमुष्ट रुपमा रकम रु.८०००।- (आठ हजार) सम्म आर्थिक सहायता दिन सकिने छ ।

(२) उपदफा (१) बमोजिम सहायता दिन सिफारिस गर्दा सम्बन्धित वडा कार्यालयले निजको पारिवारको नियमित आम्दानीको श्रोत नभएको, कुनै व्यापार व्यवसाय नभएको व्यक्तिलाई सिफारिस गर्नपुर्ने छ ।

उल्लेखित व्यहोरा आईपरेका गाउँपालिका कर्मचारी तथा जनप्रतिनिधि हरुलाई समेत गाउँपालिकाको निर्णयबाट आर्थिक सहायताको लागि यथोचित रकम सहायता दिन सकिने छ ।

८. **संस्थागत सहायता कार्यक्रम :** (१) उल्लेखित प्रकृति र अन्य सामाजिक क्षेत्रको कार्यमा सहयोग पुर्‍याउन विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने संघ संस्थाहरुलाई कार्यक्रम सहयोग स्वरुप निवेदन पेश हुन आएमा र समितिले मनासिव ठहराएमा एकमुष्ट रुपमा रकम रु. ६०००।- (छ हजार) सम्म आर्थिक सहायता दिई सहयोग गर्न सकिने छ ।

९. **विपद् कार्यमा सहायता:** (१) बाढी, पहिरो, आगलागि, भूकम्प, महामारी, हावाहुरी लगायतका विपद्बाट प्रभावित आर्थिक रुपमा विपन्न व्यक्तिहरुको दैनिक निर्वाह एवम् आवास व्यवस्थापनको लागि गाउँपालिकामा निवेदन पेश गरेमा र निवेदन मनासिव देखिएमा समितिले रू.५०००।- (पाँच हजार) सम्म वसोवास पुनर्स्थापन वा राहत स्वरुप सहयोग गर्न सकिनेछ ।

## परिच्छेद-३
## कोषको व्यवस्था तथा सञ्चालन

१०. **आर्थिक सहायता तथा उपचार सहयोगको लागि हितकारी कोषको व्यवस्था:**
(१) यस कार्यविधि अनुसार आर्थिक सहयोग दिन, उद्धार तथा पुर्नस्थापना गर्ने प्रयोजनको लागि एक हितकारी कोषको स्थापना गरिनेछ । कोषमा देहायको रकम जम्मा गरिनेछ :
(क) संघीय सरकार, प्रदेश सरकार, गाउँ सभाबाट विनियोजन भएको अनुदान रकम,
(ख) सरकारी तथा गैरसरकारी संघ संस्था, व्यक्ति तथा निजी क्षेत्रबाट आर्थिक सहायताको लागि प्राप्त सहयोग वा अनुदान,
(ग) आर्थिक सहायता, प्राकृतिक प्रकोप पीडितको उद्धार, राहत तथा पुर्नस्थापनाको लागि प्राप्त जुनसुकै रकम,

११. **कोष सञ्चालन समिति, कोष सञ्चालन तथा लेखापरीक्षणको व्यवस्था :**
(१) नियम १० अनुसारको गाउँपालिकाको हितकारी कोषबाट रकम सहयायताको निर्णय गर्न र सहायतामा दिएको रकमको अनुगमन गर्न देहाय बमोजिमको समिति रहने छ ।

- गाउँपालिकाको अध्यक्ष — अध्यक्ष
- गाउँपालिकाको उपाध्यक्ष — सदस्य
- प्रमुख प्रशासकीय अधिकृत — सदस्य
- गाउँपालिकाको अध्यक्षले तोकेको गाउँ कार्यपालिका सदस्य — सदस्य
- गाउँपालिकाको स्वास्थ्य तथा सामाजिक शाखा प्रमुख — सदस्य सचिव

(२) कोषको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(३) कोषको आय-व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ ।

(४) कोषको लेखा परीक्षण गाउँपालिकाको खर्चको लेखा परीक्षण गर्न तोकिएको निकायबाट हुनेछ ।

१२. **परामर्श तथा सहयोग लिन सक्ने :** (१) समितिले यस कार्यविधि बमोजिम आफ्नो कार्य सम्पादन गर्दा सम्वन्धित क्षेत्रका उपयुक्त सम्झेका व्यक्ति तथा निकायहरुसँग आवश्यक परामर्श तथा सहयोग लिन सक्नेछ ।

१३. **पारदर्शिता र जवाफदेहीता :** कोषबाट प्रदान गरिएको आर्थिक सहयता रकमको खर्चको विवरण चौमासिक रुपमा सार्वजनिक गरिने छ । साथै कार्यालयको वेबसाइटबाट समेत उल्लेखित व्यहोरा जानकारी गराइने छ । सम्वन्धित सरोकारवालाहरुबाट कुनै जिज्ञासा तथा जानकारी माग भएमा समिति तथा गाउँपालिकाबाट आवश्यक विवरण उपलव्ध गराइने छ ।

## परिच्छेद-४
## विविध

१४. **निवेदनको ढाँचा :-** नियम ३ देखि ९ सम्म उल्लिखित क्षेत्रमा सहायता पाउन अनुसूची-१ को ढाँचामा निवेदन दिनु पर्नेछ ।

१५. **अधिकार प्रत्यायोजन गर्न सकिने** : यस कार्यविधि अनुसार आर्थिक सहायता सम्बन्धी निर्णयको अधिकार गाउँ कार्यपालिकाले गाउँपालिकाको अध्यक्षलाई दिन सक्नेछ ।

## परिच्छेद–५
## संशोधन तथा परिमार्जन

१६. **संशोधन तथा परिमार्जन :** (१) यस कार्यविधिलाई व्यवस्थित बनाउन आवश्यकता अनुसार गाउँ कार्यपालिकाबाट संशोधन तथा परिमार्जन गर्न सकिने छ ।

## परिच्छेद–६
## खारेजी तथा बचाऊ

१७. यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा यसै अनुसार र अन्य प्रचलित कानूनसँग बाझिएको हकमा वाझिएको हदसम्म अमान्य हुनेछ । साथै गाउँ कार्यपालिकाबाट यस आ.व.मा आर्थिक सहयोग सम्वन्धमा भएका निर्णयहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

अनुसूची- १

(नियम ८ सँग सम्बन्धित)

निवेदनको ढाँचा

मिति :-

श्रीमान अध्यक्ष ज्यू,
सम्मरीमाई गाउँपालिका,
फरेना, रुपन्देही ।
श्रीमान प्रमुख/प्रमुख प्रशासकीय अधिकृत ज्यू,
सम्मरीमाई गाउँ कार्यपालिकाको कार्यालय,
फरेना, रुपन्देही ।

**विषय :- आर्थिक सहायता उपलब्ध गराईदिनु हुन ।**

महोदय,

प्रस्तुत विषयमा म/हामी ................................ रोग/....................ले ग्रसित भई/समस्यामा परी.......................... गनुपर्ने व्यहोरा अवगत गराउँदछु/छौं । उपचार/................................को लागि म र मेरो परिवारको आर्थिक अवस्था नाजुक भएकोले सो को लागि त्यस कार्यालयको नियमानुसार आवश्यक सहायता उपलब्ध गराईदिनु हुन तपसिलका कागजातहरु यसैसाथ संलग्न राखी पेश गर्दछु/गर्दछौं ।

<u>तपसिल</u> :

१. आर्थिक रुपले विपन्न भएको सिफारिस तथा प्रमाणित प्रतिलिपि

२. नागरिकता/जन्मदर्ता/विवाहदर्ता/...................को प्रतिलिपि

३. अस्पताल/..............................सम्बन्धित निकायको रिपोर्ट

४. स्वास्थ्य संयोजक/........सम्बन्धित निकायको जिम्मेवार पदाधिकारीको सिफारिस

निवेदक

| क.स. | नाम, थर | ठेगाना | दस्तखत | कैफियत |
| --- | --- | --- | --- | --- |
| | | | | |
| | | | | |